## बकैया गाउँकार्यपालिकाको मिति २०७५।२।२८ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. टोल र वस्ती स्तरको भेला सम्बन्धमा:-

बकैया गाउँकार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को बजेट निर्माणको तयारी लागि गरिनुपर्ने टोल तथा बस्ती भेला प्रत्येक वडा कार्यालयले सम्बन्धित वडा समितिको निर्णयबाट तय गरी मिति २०७५ जेठ २९ देखि सुरु गरी २०७५ असार ३ गते सम्म सम्पन्न गर्ने निर्णय गरियो।

### २. योजना छनौटको लागि प्राथमिकताका आधार सम्बन्धमा:-

बकैया गाउँपालिकाकाको आगामि आर्थिक वर्ष २०७५।७५ को बजेट तर्जुमा गर्नु पुर्व वडा कार्यालयहरुले सम्बन्धित वडाका टोल तथा वस्तीहरुमा गई योजना संकलन गर्न तथा वडा समितिबाट गाउँपालिकामा योजना सिफारिस गरि पठाउन तपशिल बमोजिमको योजना प्राथमिकताका आधार तय गर्ने निर्णय गरियो ।

**आ व २०७५।७६ को योजना छनौटको लागि प्राथमिकताका आधारहरु**

१) आर्थिक विकास र गरिवी निवारणमा प्रतक्ष्य योगदान पुर्याउने ।

२) छिटो प्रतिफल प्राप्त हुने खालका योजना

३) आम्दानी र रोजगारी वृद्दि गर्ने खालका योजना

४) आम जनताको लागत सहभागिता जुट्ने खालका योजना तथा लागत कम लाग्ने योजना

५) स्थानीय साधन र स्रोतको अधिकतम प्रयोग हुने खालका योजना

६) लैङ्गिक समानता तथा समावेशी विकासमा योगदान पुर्याउने किसिमका

७) दीगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने किसिमका

८) स्थानीय भाषिक साँस्कृतिक विकासमा टेवा पुर्याउने

९) यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।

१०) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

११) स्थानीय पर्यटन प्रवर्दनमा योगदान पुर्याउने किसिमका ।

१२) चालु आ व मा सुरु गरिएका तर बजेट अपर्याप्तताको कारण सम्पन्न हुन नसकेका योजना

### ३. योजना छनौटको लागि मार्गदर्शन सम्बन्धमा :-

बकैया गाउँपालिकाको आगामि आर्थिक वर्ष २०७५।७६ को बजेट तर्जुमाको सिलसिलामा वडा कार्यालयबाट योजनाहरु छनौट गरि पठाउँदा तपशिल बमोजिम गर्ने गरी मार्गदर्शन तय गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर

**<u>आ व २०७५।७६ को योजना छनौटको लागि मार्गदर्शनहरु</u>**

१. साना र टुक्रे आयोजनालाई निरुत्साहित गरी नतिजा देखिने खालका ठुला आयोजना छनोट गर्नुपर्नेछ ।विषेश परिस्थितिमा बाहेक कम्तिमा १ लाख सम्मका आयोजनाहरु छनौट गर्नुपर्नेछ ।

२. वडा समितीले आयोजना छनौट गर्दा वडा भित्रका वस्तीहरुलाई भौगोलिक अवस्थीती जनसंख्या यातायतको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सवै नागरिकलाई भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ।

३. वस्ती तथा टोल स्तरको आयोजना छनोटका लागि वडा सदस्यको नेतृत्वमा टोली परीचालन गर्नुपर्नेछ ।

४. वस्ती तथा टोल स्तरको आयोजना छनौटमा नागरिक समाजका संस्थाहरु, आमा समुहहरु, बाल क्लवहरु आदिको सक्रिय सहभागीता गराउनु पर्नेछ ।

५. वस्ती स्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको सूची तयार पारी वडा समितीमा पेश गर्नुपर्नेछ ।

६. वडा समितीले वडा भेला मार्फत आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्र समेत छुट्याइ प्राथमिकीकरण गरी गाउँकार्यपालिकामा सिफारीस गरी पठाउनुपर्नेछ ।

७. वडा समितीले आयोजनाहरु सीफारीस गरी पठाउँदा वडागत सिलिङ बाट सम्पन्न हुन नसक्ने खालका बढीमा ५ वटा ठुला आयोजनाहरु गाउँपालिकास्तरबाट संचालन र बजेट विनियोजन हुने गरी सिफारिस गरी पठाउन सक्नेछ ।

८. वडा समितिले आयोजना सिफारिस गरि पठाउँदा पुर्वाधार विकास शिर्षकमा वडागत सिलिङ रकमको कम्तिमा ५० प्रतिशत रकम हुने गरि सिफारिस गर्नुपर्नेछ ।

**<u>४.</u> योजना फरफारकको लागि मिति सम्बन्धमा :-**

बकैया गाउँकार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०७४।७५ मा उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी सम्झौता भएका योजनाहरुको फरफारकको अन्तिम मिति २०७५ जेठ मसान्त सम्म हुने गरी सम्झौता गरिएकोमा निर्धारित मिति भित्र सम्पन्न हुन नसकेका योजनाहरुको लागि असार २५ गते सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**<u>५.</u> मेलमिलाप दस्तुर सम्बन्धमा :-**

बकैया गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि २०७४ को दफा नं ६३ बमोजिम छनौट भएका मेलमिलापकर्ताहरुले सोहि कार्यविधिको दफा ७१ मा मेलमिलाप दस्तुर सम्बन्धमा 'पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन' भनी उल्लेख भएकोमा सो वाक्यांशलाई परिमार्जन गरी 'मेलमिलापकर्ताबाट प्राप्त प्रतिवेदनको आधारमा प्रति उजुरी बापत गाउँपालिकाले रु ४०० भुक्तानी गर्नेछ' भन्ने वाक्याँश राखी कार्यविधी शंशोधन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर